NEW YORK STATE OF OPPORTUNITY. | Department of Motor Vehicles

# न्यूयोर्कमा निम्न कार्डहरूको लागि कसरी आवेदन गर्नेः

सिकारू अनुमतिपत्र | सवारी चालक अनुमतिपत्र | गैर-चालक ID कार्ड

| REAL ID | ENHANCED | STANDARD<br>NOT FOR FEDERAL PURPOSES |
|---|---|---|
| • आन्तरिक उडानमा सवारी गर्न वा संघीय भवनमा प्रवेश गर्न स्वीकार्य<br>• अतिरिक्त शुल्क लाग्दैन<br>• योग्यता: सामाजिक सुरक्षाको प्रमाण, नागरिकता वा कानुनसम्मत हैसियतको प्रमाण, बासस्थानको 2 प्रमाण र नामको प्रमाणको 6 पोइन्ट। | • आन्तरिक उडानमा सवारी गर्न वा संघीय भवनमा प्रवेश गर्न स्वीकार्य<br>• अमेरिकी जमिन/सागर सीमाना पार गर्न स्वीकार्य<br>• अमेरिकी नागरिकलाई मात्र उपलब्ध<br>• अतिरिक्त शुल्क $30<br>• योग्यता: सामाजिक सुरक्षाको प्रमाण, नागरिकताको प्रमाण, बासस्थानको 2 प्रमाण र नामको प्रमाणको 6 पोइन्ट। | • आन्तरिक उडानमा सवारी गर्न वा संघीय भवनमा प्रवेश गर्न अस्वीकार्य<br>• संघीय रूपमा मान्यता नदिइएको पहिचानको रूप<br>• अतिरिक्त शुल्क लाग्दैन<br>• योग्यता: जन्म मितिको प्रमाण, बासस्थानको 1 प्रमाण र नामको प्रमाणको 6 पोइन्ट। (CDL र गैर-चालक ID मापदण्डहरूका लागि, पेज 4 हेर्नुहोस्) |

**REAL ID वा Enhanced को लागि तपाईंले यो लिङ्कमा हेर्न सक्नुहुन्छ dmv.ny.gov/realid**

**नोट:**
- तपाईंले सक्कल कागजातहरू वा जारी गर्ने निकायद्वारा प्रमाणित कागजातहरू उपलब्ध गराउनुपर्छ।
- DMV ले म्याद समाप्त भएका कागजातहरू स्वीकार गर्दैन।

**खण्ड A: तपाईंले सामाजिक सुरक्षासँग सम्बन्धित तलका मध्येबाट एउटा (1) प्रमाण उपलब्ध गराउनुपर्छ। छनोट गरिएको प्रमाणको लागि नाम पोइन्टको प्रमाणमा चिन्ह लगाउनुहोस्।**

| ↓ | तपाईंले DMV कार्यालयमा ल्याउने योजना गराउनुभएका कागजातहरूलाई ट्र्याक गर्न बाकसमा चिन्ह लगाउनुहोस्। | नामको प्रमाण पोइन्ट मान |
|---|---|---|
| | अमेरिकी सामाजिक सुरक्षा कार्ड | 2 |
| | सामाजिक सुरक्षा अयोग्यता पत्र (थप जानकारीका लागि पृष्ठ 3 मा मापदण्डहरू हेर्नुहोस्) | 0 |
| | सामाजिक सुरक्षा नम्बर कहिल्यै पनि जारी नगर्ने शपथ पत्र (NSS-1 वा NSS-1A) * | 0 |
| | कार्ड बिना सामाजिक सुरक्षा नम्बर (नम्बर MV-44 मा छापिएको हुनुपर्छ) * | 0 |

*** सुदृढ कागजात वा REAL ID को लागि प्रयोग गर्न नमिल्ने**

**खण्ड B: तपाईंले तलका श्रेणीहरू मध्ये एकबाट कम्तीमा एउटा (1) प्रमाण पेश गर्नुपर्दछ। यस खण्डका सबै प्रमाणहरू जन्ममितिको प्रमाणको रूपमा गणना गरिन्छ। छनोट गरिएको प्रमाणको लागि नाम पोइन्टको प्रमाणमा चिन्ह लगाउनुहोस्।**

| ↓ | **नागरिकताको प्रमाणः** तपाईंले DMV कार्यालयमा ल्याउने योजना गराउनुभएका कागजातहरूलाई ट्र्याक गर्न बाकसमा चिन्ह लगाउनुहोस्। | नामको प्रमाण पोइन्ट मान |
|---|---|---|
| | अमेरिकी राहदानी वा राहदानी कार्ड | 4 |
| | प्राकृतीकरण प्रमाणपत्र वा नागरिकता (N-550, N-560, N-561 र N-570) | 3 |
| | यु.एस. को जन्म प्रमाणपत्र (राज्य वा स्थानीय सरकारद्वारा जारी गरिएको) | 0 |
| | विदेशमा जन्मेको अमेरिकी कन्सुलर रिपोर्टको सक्कल वा प्रमाणित प्रतिलिपि (FS-240, DS-1350, F-545) | 0 |
| ↓ | **कानूनी अवस्थाको प्रमाणः** तपाईंले DMV कार्यालयमा ल्याउने योजना गराउनुभएका कागजातहरूलाई ट्र्याक गर्न बाकसमा चिन्ह लगाउनुहोस्।<br>**(ENHANCED को लागि प्रयोग गर्न नमिल्ने)** | **नामको प्रमाण पोइन्ट मान** |
| | विदेशी राहदानी (थप जानकारीका लागि पृष्ठ 3 मा रहेको विदेशी राहदानी आवश्यकताहरू हेर्नुहोस्) | 4 |
| | म्याद नगुज्रेको स्थायी निवासी कार्ड I-551 | 3 |
| | गृह सुरक्षा विभागद्वारा अनुमोदित कागजातहरू सहित तस्बिर सहितको रोजगारी स्वीकृति कार्ड (I-688B वा I-766) (उदाहरणका लागि, I-797) जसले स्पष्ट रूपमा 6 C.F.R. 37.3 द्वारा परिभाषित वैध अमेरिकी कानूनी हैसियत उल्लेख गर्दछ | 3 |
| | अध्यागमन तथा प्राकृतीकरण सेवा/गृह सुरक्षा विभागद्वारा जारी गरिएको तस्बिर सहितको रोजगारी स्वीकृति कार्ड (I-688B वा I-766) (म्याद रहेको मान्य हुनुपर्छ)<br>**(REAL ID को लागि प्रयोग गर्न नमिल्ने)** | 3 |
| ↓ | **जन्ममितिको प्रमाण मात्र:** तपाईंले DMV कार्यालयमा ल्याउने योजना गराउनुभएका कागजातहरूलाई ट्र्याक गर्न बाकसमा चिन्ह लगाउनुहोस्।<br>**(ENHANCED, REAL ID वा गैर-चालक आइडीको लागि प्रयोग गर्न नमिल्ने)** | **नामको प्रमाण पोइन्ट मान** |
| | विदेशी जन्म दर्ता प्रमाणपत्र (सरकारी निकायद्वारा जारी गरिएको) | 0 |
| | म्याद गुज्रिसकेको स्थायी निवासी कार्ड (म्याद गुज्रेको 2 वर्षभन्दा बढी हुनु नहुने) | 2 |
| | अध्यागमन तथा प्राकृतीकरण सेवा/गृह सुरक्षा विभागद्वारा जारी गरिएको म्याद सकिएको तस्बिर सहितको रोजगारी स्वीकृति कार्ड (I-688B वा I-766) (म्याद सकिएको 2 वर्षभन्दा बढी हुनुहुँदैन) | 2 |
| | सेन्ट रेगिस मोहाक आदिवासी तस्बिर ID कार्ड | 2 |
| | संघीय रूपमा मान्यता प्राप्त आदिवासीबाट आदिवासी जन्म दर्ता प्रमाणपत्र, अमेरिकामा जन्मेको प्रमाणित गर्ने | 0 |
| | कन्सुलर ID कागजात | 4 |
| | विदेशी चालक इजाजतपत्र तस्बिर सहित म्याद नसकिएको वा म्याद सकिएको 2 वर्षभन्दा धेरै हुनुहुँदैन। | 4 |
| | सीमाना पार गर्ने कार्ड | 3 |
| | अमेरिकाको सैन्य तस्बिर ID कार्ड (सक्रिय, आरक्षित र अवकाश प्राप्त सैनिक कर्मचारीलाई मात्र जारी गरिएको) | 3 |
| | अमेरिकाको अर्को राज्य, क्षेत्राधिकार वा ग्रहण गरेको क्षेत्र वा क्यानाडाली प्रान्त वा सीमानाद्वारा जारी गरिएको तस्बिर सहितको चालक इजाजतपत्र/सिकारू अनुमतिपत्र/गैर-चालक ID कार्ड। म्याद नसकिएको वा म्याद सकिएको 2 वर्षभन्दा धेरै हुनुहुँदैन। | 4 |

**खण्ड A र B दुवैमा तपाईंले चिन्ह लगाउनुभएको नाम पोइन्टको प्रमाण थप्नुहोस्** → [ ]

- तपाईंसँग कम्तीमा 6 पोइन्ट छ भने, तपाईंले आवेदन गरिरहनुभएको कागजातको लागि बसोबास मापदण्डहरू पूरा गर्न खण्ड C प्रयोग गर्नुहोस्।
- यदि तपाईंसँग कुल पोइन्ट 6 भन्दा कम छ भने, कुल 6 पोइन्ट वा त्योभन्दा बढी बनाउनको लागि खण्ड C बाट थप प्रमाणहरू पेश गर्नुपर्नेछ, जसमा तपाईंले आवेदन गरिरहेको कागजातको लागि आवश्यक पर्ने बसोबास सम्बन्धी प्रमाणहरू पनि समावेश गरिनुपर्छ।

**खण्ड C: न्यूयोर्क राज्य निवासको प्रमाण र नामका अतिरिक्त प्रमाण**

तपाईंले Enhanced वा REAL ID का लागि बसोबासका 2 प्रमाण, वा Standard इजाजतपत्र वा अनुमतिको लागि बसोबासको 1 प्रमाण पेश गर्नुपर्छ।

| ↓ | **हालको बासस्थान ठेगानाको रूपमा प्रयोग गर्नको लागि हालको ठेगाना कागजातमा पहिले नै छापिएको देखिनुपर्छ (P.O. बक्स स्वीकार्य हुने छैन)। इलेक्ट्रोनिक विवरण र इ-बिलहरू प्रिन्ट गरिनुपर्छ। प्रत्येक प्रमाणमध्ये एउटालाई मात्र स्वीकार गर्न सकिन्छ।** तपाईंले DMV कार्यालयमा ल्याउने योजना गराउनुभएका कागजातहरूलाई ट्र्याक गर्न बाकसमा चिन्ह लगाउनुहोस्। | **न्यूयोर्क राज्यभित्रको बासस्थान सम्बन्धी प्रमाण** | **नाम पोइन्ट मानको प्रमाण** |
|---|---|---|---|
| | न्यूयोर्क प्रान्तीय सवारी चालक अनुमतिपत्र/गैर-चालक ID कार्ड। म्याद नसकिएको वा म्याद सकिएको 2 वर्षभन्दा धेरै भएको हुनुहुँदैन। | **हुन्छ** | 6 |
| | यदि तपाईंको उमेर 21 वर्षभन्दा कम छ भने आमाबुवा/अभिभावकद्वारा पहिचान र/वा निवासको DMV विवरण फाराम (MV-45) | **हुन्छ** | 4 |
| | पहिचान र/वा निवासको DMV विवरण फाराम (MV-45A) - सरकार वा सरकारद्वारा स्वीकृत संस्थाद्वारा प्रतिनिधित्व गरिएका आवेदकहरूका लागि | **हुन्छ** | 4 |
| | पहिचानको DMV विवरण फाराम (MV-45B)- अधिकारबिहिन, घरबारबिहिन युवाहरूको रूपमा लिन सकिने आवेदकहरूका लागि * | **हुन्छ** | 4 |
| | न्यूयोर्क राज्यको उपाधि प्रमाणपत्र | **हुन्छ** | 2 |
| | न्यूयोर्क राज्यको पेशागत इजाजतपत्र | **हुन्छ** | 2 |
| | न्यूयोर्क राज्य/NYC पिस्तोल अनुमतिपत्र | **हुन्छ** | 2 |
| | रिपोर्ट कार्ड वा आधिकारीक ट्रान्सक्रिप्ट सहित अमेरिकाको हाइ स्कूल वा कलेजको तस्बिर ID कार्ड | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 2 |
| | अमेरिकी कलेजको तस्बिर ID कार्ड र आधिकारीक ट्रान्सक्रिप्ट | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 2 |
| | बैंक विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | रद्द गरिएको चेक | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | कम्प्युटरबाट मुद्रित अमेरिकाको तलब पर्ची | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | अमेरिकाको नगरपालिकाको तस्बिर सहितको ID कार्ड | **हुन्छ** | 1 |
| | यु.एस. को जीवन बीमा नीति वा हालको विवरण (कम्तीमा 2 वर्ष प्रभावकारी रहेको हुनुपर्छ) | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | युटिलिटि (बिजुली/पानीको) बिल | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | संघीय वा न्यूयोर्क प्रान्तीय आय कर W-2 | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | IRS कर ट्रान्सक्रिप्ट या व्यक्तिगत करदाता पहचान नम्बर जारी पत्र * | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 1 |
| | वार्षिक सामाजिक सुरक्षा विवरण (SSA-1099) | **हुन्छ** (चालु वर्ष) | 1 |
| | संघीय वा न्यूयोर्क प्रान्तीय आय कर वा आय विवरण (SSA-1099, SSA-1098) | **हुन्छ** (चालु वर्ष) | 0 |
| | DMV आवास प्रमाणपत्र (MV-44NYR) ** | **हुन्छ** | 0 |
| | असिस्टेड लिभिङ (सहायता प्राप्त जीवनयापन) वा नर्सिङ होम विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | क्रेडिट कार्ड विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | घरमालिक/भाडावाल बीमाको चालु प्रमाण (पोलिसी, दाबीको प्रमाण) | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | ज्युरी ड्युटी सूचना | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | न्यूयोर्क राज्यको ठेगाना र हस्ताक्षर सहित मेडिकल परीक्षकको प्रमाणपत्र (CDL मेडिकल परीक्षण मापदण्डको लागि) | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | सैनिक आदेश जुन अझै लागू छ | **हुन्छ** | 0 |
| | पोस्टमार्क गरिएको पत्र | **हुन्छ** (यदि 1 वर्षभित्र पोस्टमार्क गरिएको छ भने) | 0 |
| | हालको धितोको प्रमाण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | घरजग्गाको लालपूर्जा | **हुन्छ** | 0 |
| | घरजग्गा वा स्कुलका कर रसिदहरू वा अहिलेको वर्षको रसिदहरू (मेल गर्ने भागमा र कुन घरजग्गाको कर लिइएको हो भन्ने देखाउने भागमा हालको ठेगाना देखिनुपर्छ) | **हुन्छ** | 0 |
| | आवासीय भाडा (करार) | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | अवकास विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | छनौट गरिएको सेवा कार्ड | **हुन्छ** | 0 |
| | पूरक सुरक्षा आय तलब विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | बेरोजगार लाभ विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | मतदाता दर्ता सुचना कार्ड | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | जनकल्याण लाभ विवरण | **हुन्छ** (1 वर्षभित्र जारी गरिएको भएमा) | 0 |
| | आमाबुवा/श्रीमान श्रीमतिको ID (तपाईंको पछिल्लो नाम समान भएमा वा नाताको प्रमाण सहित) | **हुन्छ** | 0 |
| | अमेरिकाको सैन्य तस्बिर ID कार्ड (सक्रिय, आरक्षित र अवकाश प्राप्त सैनिक कर्मचारीलाई मात्र जारी गरिएको) | हुँदैन | 3 |
| | पुनःप्रवेशको स्वीकृति (I-327) | हुँदैन | 3 |
| | शरणार्थी भ्रमण कागजात (I-571) | हुँदैन | 3 |
| | तस्बिर सहितको न्यूयोर्क राज्य लाभ/Medicaid कार्ड | हुँदैन | 3 |
| | तस्बिर बिनाको न्यूयोर्क राज्य अन्तरिम सवारी चालक इजाजत पत्र/सिकारु अनुमतिपत्र/गैर-चालक ID कार्ड। | हुँदैन | 2 |
| | न्यू योर्क राज्य पंजीकरण कागजात (गाडी वा डुँगाको मात्र) | हुँदैन | 2 |
| | अमेरिकाको अर्को राज्य, क्षेत्राधिकार वा ग्रहण गरेको क्षेत्र वा क्यानाडाली प्रान्त वा सीमानादवारा जारी गरिएको तस्बिर सहितको चालक इजाजतपत्र/सिकारु अनुमतिपत्र/गैर-चालक ID कार्ड। म्याद नसकिएको वा म्याद सकिएको दुई वर्षभन्दा धेरै भएको हुनुहुँदैन। | हुँदैन | 4 |

| **खण्ड C: न्यूयोर्क राज्य निवासको प्रमाण र नामका अतिरिक्त प्रमाण (निरन्तर)**<br>तपाईंले Enhanced वा REAL ID का लागि बसोबासका 2 प्रमाण, वा Standard इजाजतपत्र वा अनुमतिको लागि बसोबासको 1 प्रमाण पेश गर्नुपर्छ। | | | |
|---|---|---|---|
| ↓ | **हालको बासस्थान ठेगानाको रूपमा प्रयोग गर्नको लागि हालको ठेगाना कागजातमा पहिले नै छापिएको देखिनुपर्छ (P.O. बक्स स्वीकार्य हुने छैन)। इलेक्ट्रोनिक विवरण र इ-बिलहरू प्रिन्ट गरिनुपर्छ। प्रत्येक प्रमाणमध्ये एउटालाई मात्र स्वीकार गर्न सकिन्छ।**<br>तपाईंले DMV कार्यालयमा ल्याउने योजना गराउनुभएका कागजातहरूलाई ट्र्याक गर्न बाकसमा चिन्ह लगाउनुहोस्। | **न्यूयोर्क राज्यभित्रको बासस्थान सम्बन्धी प्रमाण** | **नाम पोइन्ट मानको प्रमाण** |
| | अमेरिकाको विवाह वा सम्बन्ध विच्छेद रेकर्ड (राज्य वा स्थानीय सरकारद्वारा जारी गरिएको) वा अदालतद्वारा जारी गरिएको नाम परिवर्तन आदेश | हुँदैन | 2 |
| | विदेशी विवाह वा सम्बन्ध विच्छेद रेकर्ड (सरकारी निकायद्वारा जारी गरिएको) वा अदालतद्वारा जारी गरिएको नाम परिवर्तन आदेश * | हुँदैन | 2 |
| | अमेरिकी सैनिकमाथि आश्रित रहेको परिचय ID | हुँदैन | 2 |
| | तस्बिर बिनाको न्यूयोर्क राज्य लाभ/Medicaid कार्ड | हुँदैन | 2 |
| | नगद कार्ड (ATM) (हस्ताक्षर र पहिले नै छापिएको नाम भएको हुनुपर्छ) | हुँदैन | 1 |
| | वैध मुख्य क्रेडिट कार्ड | हुँदैन | 1 |
| | अमेरिकाको कर्मचारी ID कार्ड | हुँदैन | 1 |
| | अमेरिका हाइ स्कूल डिप्लोमा वा GED | हुँदैन | 1 |
| | अमेरिकी सुपरमार्केट चेक नगद कार्ड (हस्ताक्षर र पूर्व-मुद्रित नाम हुनुपर्छ) | हुँदैन | 1 |
| | अमेरिकाको युनियन कार्ड | हुँदैन | 1 |
| | भूपू सैनिक विश्वव्यापी पहुँच तस्बिर ID कार्ड | हुँदैन | 1 |
| | अमेरिकाको स्वास्थ्य बीमा/निर्देशित औषधिको कार्ड जसले स्वास्थ्य बीमा कभरेजको हालको प्रमाण देखाउँछ | हुँदैन | 1 |
| | पक्षको रूपमा नाम भएको आवेदकको अमेरिकी अदालती कागजात * | हुँदैन | 1 |
| | विदेशी स्कलको तस्बिर सहितको रिपोर्ट कार्ड/रेकर्ड * | हुँदैन | 2 |
| | विदेशी स्कलको तस्बिर बिनाको रिपोर्ट कार्ड/रेकर्ड * | हुँदैन | 1 |

*** ENHANCED वा REAL ID कागजातको लागि प्रयोग गर्न नमिल्ने** **** Standard कागजातको लागि प्रयोग गर्न नमिल्ने**

**खण्ड A, B र C सबैमा तपाईंले चिन्ह लगाउनुभएको नाम पोइन्टको प्रमाण थप्नुहोस् (कम्तीमा कुल 6 पोइन्ट हुनुपर्छ)** → [ ]

**सबै आवेदकहरूले निम्न कुराहरू गर्नुपर्छ:**

1. अनुमतिपत्र, सवारी चालक इजाजतपत्र वा गैर-चालक ID कार्डको लागि आवेदन पूरा गर्नुपर्छ (MV-44 बाट)।
2. पहिचान सम्बन्धी आवश्यक प्रमाणहरू प्रस्तुत गर्नुपर्छ । स्वीकार्य प्रमाणहरूको बारेमा थप जानकारीको लागि dmv.ny.gov/DocumentGuide मा रहेको न्यूयोर्क प्रान्त DMV को अनलाइन कागजात निर्देशिका हेर्न सक्नुहुन्छ वा 1 - 3 पृष्ठमा दिइएका तालिकाहरूको सन्दर्भ लिन सक्नुहुन्छ।
3. इजाजतपत्र र सिकारू अनुमतिपत्र प्राप्त गर्ने आवेदकहरूले आँखाको परीक्षण उत्तीर्ण गर्नुपर्छ।
4. शुल्कहरू भुक्तानी गर्नुपर्छ । तपाईंले तिर्नुपर्ने रकम क्रेडिट कार्ड, नगद वा "Commissioner of Motor Vehicles" को नाममा चेकबाट वा धनादेशबाट भुक्तानी गर्न सक्नुहुन्छ।

## सामान्य मापदण्डहरू:

- सामाजिक सुरक्षा अयोग्यता (REAL ID मात्र):
  - यदि तपाई सामाजिक सुरक्षा नम्बर पाउन योग्य हुनुहुन्न भने, तपाईंले सामाजिक सुरक्षा प्रशासन (SSA) बाट तपाईं कार्यालय जानु भएको 30 दिनभित्र तपाईं सामाजिक सुरक्षा नम्बरको लागि योग्य हुनुहुन्न भनेर चिठी लेख्नुपर्नेछ। तपाईंले आफू योग्य हुनुहुन्न भनी निर्धारण गर्न SSA लाई देखाइएको आन्तरिक सुरक्षा विभागको दस्तावेज पनि देखाउनु पर्नेछ।
  - प्रतिलिपी कार्ड कसरी प्राप्त गर्ने वा तपाईंको स्थानीय SSA कार्यालयको ठेगानाको लागि, यस वेबसाइटमा हेर्नुहोस् www.ssa.gov
- विदेशी भाषाका कागजातहरू:
  - विदेशी भाषामा भएका काजजातहरू स्वीकृत गर्नका लागि प्रमाणित अङ्ग्रेजी अनुवाद सँगै पेश गर्नुपर्छ।
- च्यातिइएका कागजातहरू:
  - DMV ले कुनै पनि क्षति भएका वा च्यातिइएका कागजात अथवा कुनै परिवर्तन भएका वा मेटिएका कागजात स्वीकार गर्नेछैन। DMV ले छलपूर्ण जस्तो देखिने कुनै पनि कागजातलाई जफत गर्नेछ। तपाईंले छलपूर्ण कागजात पेश गर्नुहुन्छ भने, तपाईंलाई आपराधिक अभियोग लगाइन सक्छ।
- प्रति स्रोत वा प्रकारको एउटा प्रमाण:
  - DMV ले समान प्रकारको प्रमाणको वा एउटै स्रोतबाट एउटाभन्दा बढी कागजात स्वीकार गर्नेछैन। उदाहरणको लागि, DMV ले एउटा मात्र मुख्य क्रेडिट कार्ड विवरण वा एउटा उपयोगिता बिल मात्र स्वीकार गर्छ वा DMV ले एउटै वित्तीय संस्थाबाट बैंकको विवरण र क्रेडिट कार्डको विवरण स्वीकार गर्नेछैन।

## ENHANCED तथा REAL ID का लागि मापदण्डहरू:

- कानूनी नाम, थर:
  - पृष्ठ 1 मा रहेको खण्ड Bको तपाईंको कागजातमा, तपाईंको पहिलो पूरा नाम, बीचको पूरा नाम (यदि लागू हुने भए) र प्रत्यय सहितको पूरा थर (यदि लागू हुने भए) देखाउनुपर्छ। यो नाम, थर तपाईंको कार्डमा देखिनेछ।
    - यदि तपाईंको नाम यस कागजातमा भएको नामभन्दा फरक भएको छ भने तपाईंले सो परिवर्तन उल्लेख भएको मूल वा प्रमाणित प्रतिलिपिहरू ल्याउनुपर्नेछ (विवाह दर्ता प्रमाणपत्र, सम्बन्ध विच्छेद आदेश, अदालतबाट जारी गरिएका कागजातहरू)। तपाईंको नाम धेरै पटक परिवर्तन भएको छ भने, तपाईंले सबै नामहरूलाई लिङ्क गर्ने धेरै कागजातहरू ल्यानुपर्छ।
- विदेशी राहदानी:
  - तपाईंले कानूनी हैसियतको प्रमाणको रूपमा विदेशी राहदानी पेश गर्दै हुनुहुन्छ भने, तपाईंसँग निम्न कुरा हुनुपर्छ:
    - आप्रवासन तथा नागरिक बन्ने सेवा/गृह सुरक्षा विभागद्वारा जारी गरिएको मान्य भिसा र I-94 वा भन्सार तथा सीमा प्याट्रोलद्वारा जारी गरिएको स्ट्याम्प
    - मान्य I-551 स्ट्याम्प - गृह सुरक्षा विभागको प्रमाणीकरणद्वारा निर्धारण गरिएको कानूनी हैसियतको प्रकार
    - भिसामा मान्य I-551 विवरण - गृह सुरक्षा विभागको प्रमाणीकरणद्वारा निर्धारण गरिएको कानूनी हैसियतको प्रकार
  - कागजात नभएको विदेशी पासपोर्टलाई जन्मदर्ताको प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ। यसलाई वैध स्थितिको प्रमाणको रूपमा स्वीकार गरिने छैन र Enhanced वा REAL ID कागजात वा कुनै पनि गैर-चालक आइडीको लागि प्रयोग गर्न सकिँदैन।
- हालको न्यूयोर्क राज्यको ठेगाना:
  - प्रत्येक कागजातले तपाईंको हालको ठेगाना न्यूयोर्क राज्यमा हो भन्ने देखाउनुपर्छ।
  - पि.ओ. बक्स सहितको ठेगाना स्वीकार्य हुँदैन।
  - तपाईंको हालको ठेगाना तपाईंको REAL IDमा वा Enhanced कागजातमा देखा पर्नेछ।
- अस्थायी कानूनी हैसियत:
  - तपाईंको अस्थायी कानूनी स्थिति छ भने, हालको प्रलेखन देखाउन तयार रहनुहोस्।
- अतिरिक्त सामाजिक सुरक्षा कार्ड विकल्पहरू:
  - यदि तपाईंसँग वैध न्यूयोर्क राज्यको फोटो कागजात छ भने, तपाई आफ्नो सामाजिक सुरक्षा कार्डको सट्टामा तलको मध्ये एउटा कागजात पेश गर्नुपर्दछ। कागजातले तपाईंको पुरा सामाजिक सुरक्षा नम्बर देखाउनुपर्दछ। जारी मिति हुँदा, तलका कागजातहरू निम्न प्रयोजनका लागि स्वीकार्य हुन्छन्।
    - संघीय वा न्यूयोर्क प्रान्तीय आय कर W-2
    - वार्षिक सामाजिक सुरक्षा विवरण (SSA-1099)
    - संघीय वा न्यूयोर्क प्रान्तीय आय कर वा आय विवरण (SSA-1099)

## निम्न कागजातको लागि आवेदन दिन:

**सिकारू अनुमतिपत्र - वर्ग D (अपरेटर) वा M (मोटरसाइकल)**

- तपाईंले लिखित परीक्षा र दृष्टि परीक्षण उत्तीर्ण गर्नुपर्छ। सवारी चालकको निर्देशिका र अभ्यास परीक्षाहरू हाम्रो वेबसाईट dmv.ny.gov मा उपलब्ध छन्।
- सिकारु अनुमतिपत्र, सवारीचालक अनुमतिपत्रको लागि आवेदन दिनका लागि तपाईं कम्तीमा 16 वर्षको हुनुपर्नेछ यदि तपाईं 16 वा 17 वर्षको उमेरको हुनुहुन्छ भने, तपाईं 17 वर्षको नहुँदासम्म र सवारी चालकको शिक्षा सकिएको प्रमाणपत्र नपाउँदासम्म आमाबुवाको सहमति चाहिन्छ (फाराम MV-285)।
- नयाँ सवारी चालकले एक वर्षभन्दा बढि वैध मानिने ईजाजत पाउँछ। यदि तपाईंको अस्थायी कानुनी मान्यता छ र REAL ID को लागि आवेदन दिइरहनुभएको छ भने, तपाईं अस्थायी कानुनी दर्साको कागजातको समाप्ति मितिभन्दा पछाडि सकिने कागजात पाउनुहुनेछ।

**गैर-चालक ID कार्ड**:

- तपाईंले नागरिकताको प्रमाण वा कानुनी दर्जा पेश गर्नुपर्छ।
- स्तरीय कागजातको लागि, निवासस्थानको प्रमाण आवश्यक छैन।
- गैर-सवारी चालक ID कार्ड पाउन कुनै उमेरको अवरोध छैन, यद्यपि तपाईं 16 वर्षभन्दा कम उमेरको भएमा, आमाबुवाको सहमति चाहिन्छ।
- यदि तपाईं पूरक सुरक्षा आय (SSI) पाउने व्यक्ति हुनुहुन्छ भने, कृपया तपाईंसँग कार्यालयमा कागजात लिएर आउनुहोस्।

**राज्यबाहिरको अनुमतिपत्र सारेर न्यूयोर्क राज्यको अनुमतिपत्र लिनः**

- यदि तपाईंसँग अर्को अमेरिकी राज्य, अमेरिकी कानुनी अधिकार, क्यानाडेली राज्य वा क्यानाडेली क्षेत्रले जारी गरेको सवारी चालक अनुमति पत्र छ र त्यो 6 महिना अगाडि जारी गरेको र 2 वर्षभन्दा बढिमा समाप्त हुँदैन भने लिखित र सडकको जाँच दिन पर्दैन।
- यदि तपाईंको अनुमति पत्रको जारी मिति गएको 6 महिनाभित्रको हो भने, तपाईंले आफूसँग ६ महिनाभन्दा बढिको अनुमतिपत्र छ भनेर देखाउन आफ्नो सवारी चलाउने रेकर्डको प्रमाणित प्रति देखाउनुपर्छ।
- भएको देखाउनुपर्छ।
- यदि तपाईं 18 वर्षभन्दा कम उमेरको हुनुहुन्छ भने आमाबुवाको सहमति चाहिन्छ।

## निम्न कागजात नवीकरण गर्नः

**सिकारू अनुमतिपत्र - वर्ग D (अपरेटर) वा M (मोटरसाइकल)**

- तपाईंले कम्तीमा गत २ वर्षभित्र लिखित परिक्षा पास गरेको हुनुपर्छ।

**सवारी चालक अनुमतिपत्र**:

- तपाईंले आँखाको परीक्षण उत्तीर्ण गर्नुपर्छ। यदि तपाईंको आधिकारिक दृष्टि सेवा प्रदायकसँग दृष्टिको जाँच गरिएको छ भने, तपाईं आफ्नि अनुमति पत्र dmv.ny.gov मा अनलाईन नवीकरण गर्न सक्नुहुन्छ।

**गैर-चालक ID कार्ड**:

- तपाईं dmv.ny.gov मा गएर आफ्नो गैर-चालक आईडी नवीकरण गर्न सक्नुहुन्छ।

## निम्न कागजात स्तरवृद्धि गर्नः

**D वा M अनुमतिपत्रलाई DJ वा MJ अनुमति पत्र बनाउनः**

- यदि तपाईं 17 वर्ष उमेरको हुनुहुन्छ भने, आफ्नो सवारी चालक शिक्षा सकेको प्रमाणपत्र ल्याउनुहोस् (फाराम MV-285)। यदि तपाईं 18 वर्षको हुनुहुन्छ भने, तपाईं कार्यालयमा उपस्थित हुनुपर्दैन, तपाईंलाई स्वतः कागजात मेल गरेर पठाइन्छ।

**माथिल्लो तहको अनुमति पत्र वा अनुमति वर्ग थप्न:**

- E वर्गको अनुमतिपत्र थप्नको लागि, तपाईंले थप इजाजतपत्र शुल्क थप्नुपर्छ।
- A, B वा C वर्गको अनुमति पत्र पाउन, तपाईंले साधारण ज्ञानको CDL लिखित परिक्षा पास गर्नुपर्छ र तपाईंले CDL आधिकारिकताको लिखित जाँच पास गर्ने पनि हुन सक्छ। वर्ग A र B अनुमति पत्रहरूको लागि पनि सिकारु अनुमति र सीपको परिक्षा चाहिन्छ। तपाईंले कानुनी दर्जा र न्यूयोर्क राज्यको निवासको प्रमाण प्रमाणित गर्नुपर्छ।
- तपाईंले आम्दानी गर्ने सवारी चालकको अनुमति पत्रको लागि आवेदन दिन स्तरीय रोजगार आधिकारिकता कार्ड (I-688B वा I-766) लाई कानुनी हैसियतको प्रमाणको रूपमा पेश गर्न सक्नुहुन्छ।
- यदि तपाईंले फार्मको आधिकारिताको (F वा G) वा टो ट्रक आधिकारिकता (W) को लागि आवेदन दिनुभयो भने, तपाईंलाई C वर्गको अनुमतिपत्र जारी गरिन्छ।
- तपाईंले आम्दानी गर्ने सवारी चालकको अनुमति पत्रको लागि आवेदन दिन न्यूयोर्क राज्यको फोटो कागजात नवीकरण आमन्त्रण (MV-2) लाई कानुनी दर्जाको प्रमाणको रूपमा पेश गर्न सक्नुहुन्छ।

## निम्न कागजात संशोधन गर्नः

**तपाईंको हालको न्यूयोर्क राज्यको तस्बिर सहितको कागजातको नामः**

- तपाईंले आफ्नो नयाँ नाममा एउटा सक्कल अमेरिकी विवाह वा अमेरिकी सम्बन्ध बिच्छेद रेकर्ड वा नाम परिवर्तन गर्न अदालतले जारी गरेको प्रमाणित प्रति पेश गर्नुपर्छ।

**तपाईंको हालको न्यूयोर्क राज्यको तस्बिर सहितको कागजातको अन्य कुराः**

- थप जानकारीको लागि तपाईं https://dmv.ny.gov/amend मा हेर्न सक्नुहुन्छ।

## निम्न कागजात फेर्नः

**हराएको, च्यातिएको वा चोरी भएको न्यूयोर्क राज्यको तस्बिर सहितको कागजातः**

- DMV ले अर्को कागजात बनाउन आवेदन दिनु अगाडि स्थानीय कानुनी निकायलाई चोरी भएको कागजातको खवर गर्ने सुझाव दिन्छ। यदि तपाईंले कार्यालय आउनुभन्दा अगाडि चोरी भएको कागजात प्रहरीलाई खबर गरेको भए, तपाईंको प्रहरी रिपोर्टको प्रतिलिपी ल्याएको सुनिश्चित गर्नुहोस्।

| **कारोबारको प्रकार**<br>**सबै शुल्कहरू अनुमानित हुन्। तपाईंको कागजात जारी नगर्दासम्म सही शुल्क निर्धारण गर्न सकिन्न।** | **कुल रकम निम्नभन्दा बढी हुनेछैन** |
|---|---|
| सिकारूको अनुमतिपत्र (वर्ग DJ/D वा MJ/M) | $ 136.00 |
| इजाजतपत्र (वर्ग D वा M) | $ 98.50 |
| इजाजतपत्र (CDL वा वर्ग E)। | $ 180.50 |
| गैर-चालक ID कार्ड | $ 13.00 |
| गैर-चालक ID कार्ड [पूरक सुरक्षा आय (SSI) प्रापक] | $ 6.50 |
| उच्च इजाजतपत्रमा स्तरवृद्धि गर्नुहोस् (CDL वा वर्ग E) | $ 153.00* |
| प्रतिस्थापन इजाजतपत्र/अनुमतिपत्र | $ 17.50 |
| प्रतिस्थापन गैर-चालक ID कार्ड | $ 8.00 |
| प्रतिस्थापन गैर-चालक ID कार्ड [पूरक सुरक्षा आय (SSI) प्रापक] | $ 6.50 |
| इजाजतपत्र/अनुमतिपत्र संशोधन गर्नुहोस् | $ 17.50 |
| गैर-चालक ID कार्ड संशोधन गर्नुहोस् | $ 5.00 |

**नोट:** प्रतिस्थापन कागजातहरू बाहेक Enhanced कागजात सम्बन्धी कारोबारहरूका लागि $30 थप्नुहोस्। *अतिरिक्त लेखन तथा सडक परीक्षण शुल्कहरू लागू हुन सक्छन्।